**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०५ जून २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरात र दमनको भ्रमण गर्नुहुनेछ। उहाँले सूरतमा सडक, बिजुली र औद्योगिक क्षेत्रमा 18 हजार 8 सय करोड रूपियाँभन्दा अधिक राशीको धैरै विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुहुनेछ।
- प्रधान मन्त्री नरेन्द्र मोदीले 'विश्व योगासन च्याम्पियनशिप' मा भाग लिने एथलीटहरूलाई आफ्नो देश फर्केपछि आयुष मन्त्रालयको 'योग 365' अभियानको वैश्विक राजदूत बन्न आह्वान गर्नुभएको छ।
- विदेशमन्त्री सुब्रमन्यम जयशंकर र ब्रिटेनका विदेशमन्त्री यवेट कुपरबीच हिज नयाँ दिल्लीमा पहिलो वार्षिक बैठक सम्पन्न भयो।
- गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारले उत्तर-पूर्वमा हिंसाको युगको अन्त्य गरेको र यस क्षेत्रलाई विवादको केन्द्रबाट अवसरको केन्द्रमा रूपान्तरण गरेको बताउनु भएको छ।
- आज संसार भरिनै विश्व पर्यावरण दिवस मनाइँदैछ ।

**प्रधानमन्त्री गुजरात भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरात र दमनको भ्रमण गर्नुहुनेछ। उहाँले सूरतमा सडक, बिजुली र औद्योगिक क्षेत्रमा 18 हजार 800 करोड रूपियाँभन्दा अधिक राशीको धैरै विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुहुनेछ। श्री मोदीले सूरतमा 200 पलंगको E.S.I.C. अस्पतालको पनि उद्घाटन गर्नुहुनेछ, जसले प्रमुख विशिष्टताहरूमा आधुनिक माध्यमिक स्वास्थ्य सेवा प्रदान गर्दछ। प्रधानमन्त्री श्री मोदीले गुजरात सरकारका आधुनिक विद्युत वितरण उन्नयन, उन्नत फोहोर डिस्पोजल र प्रशोधन बुनियादी ढाचा सहित धैरै महत्त्वपूर्ण पहलहरूको पनि उद्घाटन गर्नुहुनेछ ।साँझ प्रधानमन्त्री श्री मोदीले दमनको यात्रा गर्नुहुनेछ र लगभग दुई हजार ९७० करोड रूपियाँको विकास परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। प्रधान मन्त्रीश्री मोदीले नमो एयरपोर्टको नयाँ टर्मिनल भवन र नमो अस्पतालसहित लगभग एक हजार ३४० करोड रूपियाँका परियोजनाहरूको उद्घाटन र लोकार्पण गर्नुहुनेछ। नयाँ विमानस्थल टर्मिनलले क्षेत्रीय हवाई सम्पर्कलाई उल्लेख्य रूपमा बढाउनेछ र यस क्षेत्रको आर्थिक वृद्धिलाई सहयोग पुर्याउने छ ।

**1-Byte प्रधानमन्त्री**

**प्रधान मन्त्री -'विश्व योगासन च्याम्पियनशिप'**

प्रधान मन्त्री नरेन्द्र मोदीले 'विश्व योगासन च्याम्पियनशिप' मा भाग लिने एथलीटहरूलाई आफ्नो देश फर्केपछि आयुष मन्त्रालयको 'योग 365' अभियानको वैश्विक राजदूत बन्न आह्वान गर्नुभएको छ। अहमदाबादमा च्याम्पियनशिपको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, आयुष मन्त्रालयले योगसँग वर्षभरि संलग्नतालाई प्रोत्साहित गर्न र समुदायहरूमा स्वस्थ जीवनशैलीलाई बढावा दिन 'योग 365' अभियान सुरु गरेको छ। प्रधान मन्त्री श्री मोदीले विश्वभरिका खेलाडीहरूलाई च्याम्पियनशिपभन्दा बाहिर योगको बारेमा जागरूकता फैलाउन मद्दत गर्न आग्रह गर्नुभयो। अहमदाबादले पहिलो विश्व योगासन च्याम्पियनसिपको आयोजना गरेपछि यो अपील आएको हो, जसले ६० भन्दा अधिक देशका ४ सय भन्दा अधिक प्रतिस्पर्धीहरूलाई आकर्षित गरेको छ। हिज देखि शुरु भएको तथा ८ जुन सम्म आयोजना हुने यो कार्यक्रम योगासनलाई एक संरचित अन्तर्राष्ट्रिय खेलको रूपमा विकास गर्ने ऐतिहासिक प्रयासको रूपमा लिइएको छ ।

2- byte प्रधानमन्त्री -योग

**विदेश मन्त्री डॉ. एस जयशंकर**

विदेशमन्त्री सुब्रमन्यम जयशंकर र ब्रिटेनका विदेशमन्त्री यवेट कुपरबीच हिज नयाँ दिल्लीमा पहिलो वार्षिक बैठक सम्पन्न भयो। यस बैठकमा भारत-यूके भिजन २०३५ को प्रगतिको समीक्षा गरियो। दुवै नेताहरूले भिजन २०३५ का सबै पाँच प्रमुख स्तम्भहरू - विकास, प्रविधि र नवीनता, रक्षा र सुरक्षा, जलवायु र स्वच्छ ऊर्जा र शिक्षामा भएको प्रगतिबारे चर्चा गर्नुभयो। बैठकले विस्तृत आर्थिक तथा व्यापार सम्झौताले सिर्जना गरेका नयाँ अवसरहरूको स्वागत गर्दै यसको शीघ्र कार्यान्वयनको अपेक्षा गरेको छ।

**गृहमंत्री अमित शाह - नरेन्द्र मोदी सरकार - पूर्वोत्तर**

गृहमन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारले उत्तर-पूर्वमा हिंसाको युगको अन्त्य गरेको र यस क्षेत्रलाई विवादको केन्द्रबाट अवसरको केन्द्रमा रूपान्तरण गरेको बताउनु भएको छ। हिज उत्तरपूर्वी परिषदको ७३औँ पूर्ण अधिवेशनमा भाग लिनु भएपछि गृहमन्त्री श्री शाहले सामाजिक सञ्जालमा उत्तरपूर्वी परिषद्‌ले यस क्षेत्रको विकासका लागि रणनीतिक योजना बनाउने निकायका रुपमा काम गरिरहेको बताउनु भएको छ। साथै यसले स्थानीय संस्कृतिको प्रबर्धनका साथै जनताको आकांक्षा पूरा गर्ने काम पनि गरेको छ। सत्रमा उत्तर-पूर्वी क्षेत्र विकास मन्त्री श्री ज्योतिरादित्य सिंधियाले सबै नेताहरू एक बलियो र समृद्ध उत्तर-पूर्व निर्माण गर्ने संकल्पमा एकजुट रहेको बताउनु भयो। पूर्वोत्तर परिषदको पूर्ण सत्रमा पूर्वोत्तर क्षेत्रका राज्यपालहरू, मुख्यमन्त्रीहरू र नीति निर्माताहरूसहित धेरै प्रतिष्ठित नेताहरूले भाग लिएका थिए।

**मंत्रिमंडल - प्रधानमंत्री सलाहकार**

मन्त्रीमण्डलको नियुक्ति समितिले प्रधानमन्त्री नरेन्द्र मोदीको सल्लाहकारको रूपमा १९८७ ब्याचका सेवानिवृत्त आई.ए.एस अधिकारी तरुण कपुरको कार्यकाल एक वर्ष बढाउने स्वीकृति दिएको छ। प्रधानमन्त्री कार्यालयमा श्री कपुरको विस्तारित कार्यकाल यसै महिनाको १० तारिखदेखि एक वर्षका लागि प्रभावी हुने कार्मिक तथा तालिम विभागले जानकारी दिएको छ।

**रेल मंत्री अश्विनी वैष्णव**

रेलमन्त्री अश्विनी वैष्णव भोलि पश्चिम बंगालको भ्रमणमा रहनुहुनेछ। जहाँ उहाले रोकिएका रेलपरियोजना प्रगतिका समीक्षा गर्नुहुनेछ। उहाले नबन्ना सभागारमा मुख्यमन्त्री सुवेन्दु अधिकारीसँग उच्चस्तरीय बैठक गर्नुहुनेछ। जसमा पूर्वी रेलवे, दक्षिण पूर्वी रेलवे, पूर्वोत्तर सीमान्त रेलवे र मेट्रो रेलवेका महाप्रबन्धकहरू पनि सामेल हुनेछन्। संसदको रेल सम्बन्धी स्थायी समिति सदस्यहरू पनि शनिबार दिउँसो कोलकाता पुग्नेछन्। साँझ उनीहरुले रेलसँग सम्बन्धित विभिन्न संगठनहरु सँग बैठक गर्नुहुनेछ।

**संसदीय मामिला मन्त्रालय-पचिम बङ्गाल**

संसदीय मामिला मन्त्रालय र पश्चिम बङ्गाल विधानसभाले हिज नयाँ दिल्लीको संसदमा पश्चिम बङ्गाल विधानसभामा राष्ट्रिय ई-विधान एप्लीकेशन (नेभा) को कार्यान्वयनका लागि सम्झौता पत्रमा हस्ताक्षर गरेको छ। केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजूले पश्चिम बङ्गाल विधानसभालाई नेभामा एकीकृत गर्ने कार्यलाई ऐतिहासिक बताउनु भएको छ।

**आज विश्व पर्यावरण दिवस**

आज संसार भरिनै विश्व पर्यावरण दिवस मनाइँदैछ। यो हरेक वर्ष ५ जूनमा मनाइन्छ। यसको सुरुवात सन् १९७३ मा संयुक्त राष्ट्र परयावारण कार्यक्रम अन्तर्गत गरिएको थियो। यस दिवसको उद्देश्य पृथ्वीमा जीवनलाई सुरक्षित राख्ने र पर्यावरण संरक्षणको बारेमा मानिसहरूमा जागरूकता बढाउनु हो। यस दिवसले पर्यावरण संरक्षणका लागि वैश्विक रूपमा सामूहिक प्रयासलाई प्रोत्साहित गर्दछ।

**नेपाल विदेश मंत्री - भारत यात्रा**

नेपालका विदेश मन्त्री शिशिर खनाल आज तीन दिवशीय भारत भ्रमणमा आउनु हुदैछ। यो यात्रा विदेशमन्त्री डा. एस जयशंकरको निमन्त्रणामा भईरहेको छ । भ्रमणको क्रममा श्री खनालले नयाँ दिल्लीमा डा. जयशङ्करसँग बैठक गर्नुहुनेछ। दुई देशबीच आपसी हितका विषयमा चर्चा हुने नेपालको विदेश मन्त्रालयले जनाएको छ। यसमा व्यापार, निवेश , सम्पर्क , ऊर्जा, र जनस्तरको सम्पर्क जस्ता महत्वपूर्ण क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने बिषयमा चर्चा हुनेछ ।

**मंत्रिमंडल - नीलकंठ मिश्रा - विश्व बैंक**

मन्त्रिमण्डलको नियुक्ति समितिले विश्व बैंकको मुख्यालय वासिङ्टन डिसीको कार्यकारी निर्देशकमा नीलकण्ठ मिश्रलाई तीन वर्षका लागि नियुक्त गर्ने निर्णय गरेको छ। कार्मिक तथा तालिम विभागका अनुसार परमेश्वरन अय्यरको कार्याकाल पनि नयाँ अधिकारीले पदभार ग्रहण नगरेसम्म बढाईएको छ।

मौसम

मौसम विभागले दिल्ली, हरियाणा, चन्डिगढ, पञ्जाब, जम्मू-कश्मीर, लद्दाख, मध्य प्रदेश, ओडिशा, राजस्थान र उत्तर प्रदेशमा तिब्र हावापानीको चेताउनी जारी गरेको छ। तटीय कर्नाटक, केरला र माहे, उत्तरी आन्तरिक कर्नाटक र तमिलनाडु, पुडुचेरी र कराइकलका स्थानहरूमा दिनभरि अत्यधिक वर्षा हुने सम्भावना रहेको छ।